

HUMAN RIGHTS WATCH

# मौन र बिर्सिइएकाहरू

## नेपालको द्वन्द्वकालका यौन हिंसा पीडित व्यक्तिहरू

HUMAN RIGHTS WATCH

# मौन र बिर्सिइएकाहरू

## नेपालको द्‍वन्द्‍वकालका यौन हिंसा पीडित व्यक्तिहरू

Copyright © 2014 Human Rights Watch
All rights reserved.
Printed in the United States of America
Cover design by Rafael Jimenez

Human Rights Watch defends the rights of people worldwide. We scrupulously investigate abuses, expose the facts widely, and pressure those with power to respect rights and secure justice. Human Rights Watch is an independent, international organization that works as part of a vibrant movement to uphold human dignity and advance the cause of human rights for all.

Human Rights Watch is an international organization with staff in more than 40 countries, and offices in Amsterdam, Beirut, Berlin, Brussels, Chicago, Geneva, Goma, Johannesburg, London, Los Angeles, Moscow, Nairobi, New York, Paris, San Francisco, Sydney, Tokyo, Toronto, Tunis, Washington DC, and Zurich.

For more information, please visit our website: http://www.hrw.org

HUMAN RIGHTS WATCH

# मौन र बिर्सिइएकाहरू

## नेपालको द्वन्द्वकालका यौन हिंसा पीडित व्यक्तिहरू

सारांश ........ **1**

**शारीरिक, भाषिक र यौन दुर्व्यवहार** ........ 5

**सामाजिक र मनोवैज्ञानिक सहयोगको अभाव** ........ 8

**औषधोपचार तथा अभिलेखको अभाव** ........ 10

**न्यायमा अवरोध** ........ 12

**अगाडिको बाटोः न्याय र क्षतिपूर्ति** ........ 13

# सारांश

नेपालका सरकारी सुरक्षा निकायहरू र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का बीचको एक दशक लामो गृहयुद्धमा १३,००० भन्दा बढीको ज्यान गयो र कम्तीमा पनि १,३०० व्यक्तिहरू अझैसम्म हराइरहेका छन्। २००६ मा शान्ति सम्झौता नहुँदासम्म भएका गैरन्यायिक हत्या, यातना र जबरजस्ती बेपत्ता बनाउने जस्ता मानव अधिकार हननका गम्भीर घटनामा सरकारी सुरक्षा निकायहरू र माओवादी दुवै जिम्मेवार छन्।

तर द्वन्द्वकालमा भएका यौन हिंसाका घटना भने सामान्यतया दबिएरै रहेका छन्। काठमाडौँस्थित मानव अधिकार संस्था एडभोकेसी फोरमको सहयोगमा ह्युमन राइट्स वाचका अनुसन्धाताहरूले दर्जनौँ महिलाहरूलाई भेटे, जसमध्ये केहीले आफू सानै छँदाका बलात्कार र यौन आक्रमणका घटनाहरूका बारेमा जानकारी दिए। उनीहरूमध्येकी एकजना त घटना घटेको बेला मात्र १२ वर्षकी थिइन्।

सुरक्षाकर्मी र माओवादी लडाकू दुवैथरी शारीरिक, भाषिक र यौन हिंसामा संलग्न थिए। सुरक्षा निकायका सदस्यहरूले महिला लडाकूहरूलाई गिरफ्तार गरिसकेपछि बलात्कार र यौन दुर्व्यवहार गरे, र साथै माओवादी भनेर शङ्का गरिएका व्यक्तिहरूका महिला नातेदार र माओवादीलाई गाँस-बास उपलब्ध गराएका कारण माओवादी समर्थक

मानिएका महिलालाई पनि लक्ष्य गरे। माओवादी लडाकूहरूले आफ्नो विरोध गर्ने र उनीहरूका पार्टी गतिविधिलाई समर्थन नगर्ने महिलाहरूलाई बलात्कार गरे। हामीले अभिलेखमा लिएका केही घटनाहरूमा एक्लै भेटिएका महिलाहरू पनि निशानामा परेका थिए, केही अन्य घटनामा त छेउछाउमा भएका पुरुष नातेदाहरूले पनि हस्तक्षेप गरेका थिएनन् वा गर्न सकेका थिएनन्।

उक्त समयमा महिलाहरू बलात्कारको शिकार भएको कुरा नेपाल सरकारले पनि स्वीकार गरेको छ। तैपनि दुर्व्यवहारकर्ताहरू प्रतिको दण्डहीनताको अन्त्य गर्ने वा मानवअधिकार हननको घटनाका पीडितहरूलाई न्याय र क्षतिपूर्ति दिलाउने आफ्नो प्रतिबद्धता पूरा गर्न भने ऊ असफल भएको छ। युद्धका क्रममा मारिएका वा बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूलाई क्षतिपूर्तिको व्यवस्था गर्ने अन्तरीम राहत कार्यक्रमबाट यौन दुर्व्यवहारका पीडितहरूलाई बाहेक गरिनु पनि यसैमा पर्छ।

त्यतिमात्र होइन, अझसम्म पनि सरकारले द्वन्द्वकालमा यौन हिंसाबाट पीडित भएका व्यक्तिहरूका हितलाई ध्यानमा राखेर उनीहरूलाई हिंसाका दीर्घकालीन प्रभावहरूको सामना गर्नका लागि मदत गर्ने विस्तृत चिकित्सकीय र सामाजिक-मनोवैज्ञानिक कार्यक्रम ल्याउन सकेको छैन। उनीहरूलाई पर्ने स्वास्थ्य समस्याहरूमा तल्लो पेटको दीर्घ दुखाइ, गर्भधारण र प्रजनन प्रणालीसित सम्बन्धित जटीलताहरू, कमर दुखाइ,

माइग्रेन, महिनावारीमा गडबडी तथा पेटका समस्याहरू छन्। कतिपय महिलाले त भावनात्मक र मानसिक समस्याका बारेमा पनि बताएका छन् जुन समस्याहरू पति, परिवारका सदस्य वा समुदायका अन्य व्यक्तिले आफूलाई फरक व्यवहार गर्दा वा आफूलाई हाँसोको पात्र बनाउँदा अझ चर्किन्छन्।

"कहिलेकाहिँ उहाँ धेरै रिसाएका बेला यो (माओवादीबाट भएको बलात्कारको) कुरा झिक्नुहुन्छ र मलाई चरित्रहीन आइमाई भन्दै घरबाट निस्किन भन्नुहुन्छ" २००६ मा दुईजना मानिसबाट बलात्कृत सन्तोषी आफ्नो पतिका बारेमा भन्छिन्, "त्यो घटना पछि त उहाँको व्यवहार नै फेरिएको छ। त्यस अघि त हामी खुसी थियौँ। मलाई त आफैँ खत्तम भएजस्तो लाग्छ...।"

अहिलेसम्म पनि कलङ्क र अपमानका डरको कारण धेरै महिलाहरू आफूले बेहोरेका दुर्व्यवहारका बारेमा परिवारका सदस्यहरूलाई मात्र होइन, आफ्नै पतिलाई पनि केही बताउँदैनन्।

मार्च २०१३ मा सरकारले सत्य तथा मेलमिलाप आयोग अध्यादेशपारित गर्‍यो, जसले १९९६-२००६ को सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार हननका गम्भीर घटनाहरूको छानबिन गर्नका लागि एउटा उच्चस्तरीय आयोगको माग गर्‍यो। तर सबैलाई चकित पार्दै त्यसले आयोगलाई मानव अधिकार हननमा संलग्न व्यक्तिहरूलाई क्षमादान

दिन सिफारिस गर्ने अधिकार प्रदान गर्‍यो। जनवरी २०१४ मा नेपालको सर्वोच्च अदालतले उक्त अध्यादेशलाई खारेज गर्‍यो र सरकारलाई नेपालले पालना गर्नै पर्ने, यौन हिंसालाई निषेध गर्ने बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय कानूनसित मिल्दो किसिमको विधेयक पेश गर्ने निर्देशन दियो।

त्यस पछिको फेब्रुअरीमा नेपाली कांग्रेस पार्टीका नेता सुशील कोइराला नेपालका प्रधानमन्त्री भए। नयाँ संविधानसभाले शान्ति सम्झौतालाई आधिकारिता प्रदान गर्ने गरी संविधानको मस्यौदा गर्ने अपेक्षा गरिएको थियो, जसमा अरू कुराका अतिरिक्त द्वन्द्व पीडितहरूप्रतिको जवाफदेही तथा न्याय पनि समेटिएको हुनुपर्ने थियो। तर नयाँ सरकारले गरेका पहिलो चरणका कामहरू मध्येको एउटा थियो बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना, जसले जनवरीको सर्वोच्च अदालतको निर्देशनको उद्देश्य पूरा गरेन। सरकारको त्यस कदमलाई एउटा सार्वजनिक सरोकारको मुद्दा मार्फत सर्वोच्च अदालतमा चुनौती दिइयो। उक्त मुद्दाको सुनवाइ भइसकेको भए तापनि फैसला आउन बाँकी छ।

तर सत्य तथा मेलमिलाप आयोगले पुनः प्राप्त गरेको गति, तथा लेखिने क्रममा रहेको नयाँ संविधानका कारण अब बिगतमा भएका अन्यायलाई न्यायका कठघरामा उभाउन तथा द्वन्द्वकालमा भएका

बलात्कार र यौन हिंसाका अन्य घटनाहरूप्रति जवाफदेही बनाउन सकिन्छ।

द्वन्द्वका बेला भएका यौन हिंसाका घटनाहरूको छानबिन गर्न, त्यसका लागि जिम्मेवार व्यक्तिहरूलाई कारवाही गर्न तथा पीडितहरूलाई प्रभावकारी मनोवैज्ञानिक र चिकित्सकीय परामर्श तथा क्षतिपूर्ति दिलाउन नयाँ सरकारले तत्कालै कदम चाल्नु पर्छ। यसले बलात्कार भएको मितिबाट ३५ दिन भित्रमा उजुरी गर्नु पर्ने जस्ता न्यायमा रहेका अवरोधहरूलाई हटाउनु पर्छ र बलात्कार सम्बन्धी कानूनमा संशोधन गरेर अरू किसिमका यौन दुर्व्यवहारहरूलाई पनि समावेश गर्नु पर्छ।

**शारीरिक, भाषिक र यौन दुर्व्यवहार**

ह्युमन राइट्स वाचले अन्तर्वार्ता गरेका महिला र बालिकाहरूले आफू द्वन्द्वका दुवै पक्षको भाषिक, शारीरिक र यौन दुर्व्यवहारमा परेको बताए। यद्यपि माओवादीबाट भएका यौन हिंसाका घटना तुलनात्मक रूपका कम थिए।

कहिलेकाहीँ बलात्कार गर्ने एकजना मात्र हुन्थ्यो भने अन्य अवस्थामा सामूहिक बलात्कारमा परेको कुरा महिलाहरूले बताए। केही घटनाहरूमा त महिलाहरूले आक्रमणका क्रममा आफू बेहोस भएको र आफूलाई कतिजनाले बलात्कार गरे भन्ने नै राम्रोसित थाहा नभएको पनि बताए। ह्युमन राइट्स वाचले सुरक्षाकर्मीले गरेको यौन दुर्व्यवहारका कम्तीमा

पनि चारवटा घटनामा महिलाको योनीभित्र कुनै बस्तु घुसारिदिएको, वा मुखमैथुन, गुदामैथुन वा हस्तमैथुनका लागि वाध्य पारेको घटनाको अभिलेख गरेको छ। एकजना महिलाले प्रहरीले उनको योनीभित्र नून र खुर्सानीको धूलो दलिदिएको समेत बताएकी छन्।

नन्दिता (परिवर्तित नाम) लगायतका केही महिलाले आफ्नो काखका नानी खोसेर र छोराछोरीका सामुन्ने बलात्कृत भएको बताए। “बच्चा साह्रै रोयो र त्यो मान्छेले उसलाई एक-दुई पटक झापड हान्यो,” नन्दिताले आफ्नो छोराका बारेमा बताइन् जो त्यस घटनाको साक्षी थियो। २००२ मा बलात्कृत हुँदा मनोरमा (परिवर्तित नाम) ले बच्चा पाएको ११ दिन मात्र भएको थियो र उनी सुत्केरीबाट तङ्ग्रिन घरै बसेकी थिइन्। केही महिलाले बलात्कारबाटै गर्भ बोकेर बच्चा पाएका थिए वा त्यसपछि जन्मेका बच्चाहरू आफूमाथि भएको आक्रमणका परिणाम भएको आशङ्का गरेका थिए।

धेरै घटनाहरूमा यौन दुर्व्यवहारमा महिलालाई रण्डी जस्ता तुच्छ शब्दहरू प्रयोग गरेर बोलाउने तथा घटनाका बारेमा कसैलाई नभन्न डरलाग्दा धम्की दिने जस्ता भाषिक आक्रमणहरू पनि संलग्न हुन्थे।

केही महिलाहरूले प्रायः बलात्कार अघि एकदमै डरलाग्दा शारीरिक आक्रमणमा पनि परेको बताए। २००३ मा आफूलाई आक्रमण गर्ने माओवादी लडाकूलाई प्रतिरोध गर्दा रेखालाई उसले यस्तरी प्रहार गर्‍यो

कि उनको खप्परको हड्डी र निधारको छाला नै उत्रियो र “पर्दा टाँगे जसरी” उनका आँखा अगाडि झुन्डियो। त्यसमा जम्मा ३६ टाँका लागाउनु पऱ्यो।

ह्युमन राइट्स वाचका अनुसन्धाताहरूले माओवादी लडाकू वा तिनका आफन्तरहेका महिला र केटीहरूलाई गैरकानूनी थुनामा राखिएको, यातना दिइएको र हिरासतमै बलात्कार गरिएका घटनाहरूको अभिलेख गरेका छन्। त्यसबेला नाबालक रहेकी गायत्री आफूलाई माओवादीले जबरजस्ती भर्ती गर्दा माध्यमिक विद्यालयकी छात्रा थिइन्। सरकारी सुरक्षाकर्मीले उनलाई २००१ मा समाते र उनले बताए अनुसार अवैधरूपमा सैनिक क्याम्पमा थुनेर बलात्कार गरे, फलस्वरूव उनो योनीबाट एकदम धेरै रक्तश्राव भयो।

> बलात्कार राती मात्र सुरु हुन्थ्यो र धेरैदिनसम्म निरन्तर भयो। पूरै अवधिभर मेरा आँखामा पट्टी बाँधिएको हुन्थ्यो। केहीदिन पछि मेरा हात खोलिदिए। त्यहाँ प्रत्येक रात पाँचदेखि छजना अफिसर हुन्थे।

सुरक्षाकर्मीहरूले खोजतलासीका क्रममा, खासगरी माओवादीका नातेदार महिलालाई तिनका घरमै बलात्कार गरे। महिलाहरूले बताए अनुसार माओवादीलाइ खानेकुरा र बास दिएको भनेर उनीहरूले दण्ड पाउँथे, तर माओवादीको मागलाई अस्वीकार गर्न पनि उनीहरू सक्दैनथे।

ह्युमन राइट्स वाचका अनुसन्धाताहरूले माओवादीका हिरासतमा भएका बलात्कारका केही घटना पनि अभिलेख गरे, यद्यपि ती सुरक्षाकर्मीले गरेका तुलनामा ज्यादै कम थिए।

मीनाले माओवादीको प्रशिक्षण कार्यक्रममा जान नमानेर उनीहरूलाई चिढ्याइन्। अप्रिल २००४ मा वनमा दाउरा खोज्दै गरेको अवस्थामा उनलाई कब्जामा लिइयो। उनले माओवादीसित विभिन्न ठाउँ घुमेर चार महिना बिताइन्। उनले बताए अनुसार त्यस अवधिमा उनलाई लगातार बलात्कार गरियो र भाग्नु अघि उनी सामूहिक बलात्कारको समेत शिकार हुनुपऱ्यो।

> कब्जामा लिएको भोलिपल्ट नै मलाई पहिलो पटक बलात्कार गरे। ... एउटा छाप्रामा तीनजना पसे, र तत्कालै एउटाले लुगा खोल्न लगायो ...तीनजनाले मलाई पालैपालो बलात्कार गरे। पछि उनीहरूले मलाई कसैलाई भनिस् भने मारिदिन्छौँ भने।

**सामाजिक र मनोवैज्ञानिक सहयोगको अभाव**

द्वन्द्व समाप्त भएको एक दशक भइसक्दा पनि ह्युमन राइट्स् वाचले अन्तर्वार्ता गरेका धेरै महिलाहरूमा मानसिक आघातका लक्षणहरू देखिए र उनीहरूलाई तत्कालै सहयोगको आवश्यकता परेको देखियो।

सरकारसित अहिलेसम्म पनि बलात्कार पीडितहरूलाई उपचारात्मक सेवा दिन तथा कुनै चिकित्सकीय प्रमाण भए त्यसलाई समयमै जोगाउनका लागि आवश्यक उपचार तथा चिकित्सकीय र कानूनी परीक्षणको स्तरीय कार्यविधि छैन। यौन दुर्व्यवहारका चिकित्सकीय र कानूनी पक्षहरूका बारेमा डाक्टरहरूलाई जानकारी दिने तालीम कार्यक्रमहरू पनि अपर्याप्त छन्।

सामाजिक र मनोवैज्ञानिक सहयोग सेवा बलात्कृत व्यक्तिलाई मात्र होइन उनीहरूका घर परिवारका व्यक्ति तथा समुदायका लागि समेत आवश्यक हुन्छ। अन्तर्वार्ता गरिएका केही महिलाहरूले पति तथा सासु ससुराहरूबाट नराम्रो व्यवहार हुने वा छाडिइने डरले गर्दा आफ्ना कुरा त्यत्तिकै दबाएको पनि पाइयो। सुरक्षाकर्मीबाट सेप्टेम्बर २००२ मा बलात्कृत सीताले बताए अनुसार घटना भएको १० वर्ष बितिसक्दा पनि उनलाई भएको आक्रमणकै कारण उनका पति प्रायः उनीसित रिसाइरहन्छन् र उनलाई शारीरिक हिंसा पनि गर्छन्।

एडभोकेसी फोरमले सम्भव भएसम्म पीडित व्यक्तिलाई राजधानीका मानसिक स्वास्थ्यका विशेषज्ञहरूसित सम्बन्ध गराइदिएर अलिकति उपचारसेवा उपलब्ध गराएको छ। तर यौन दुर्व्यवहारबाट पीडित व्यक्ति र तिनका परिवारका सदस्यहरूलाई यौन दुर्व्यवहार तथा त्यसका दुष्परिणामको सामना गर्नका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य सेवाबाट नै आवश्यक परामर्श दिने व्यवस्था

नमिलाएसम्म गैरसरकारी क्षेत्रबाट गरिएका प्रयत्नहरूले विधिवतरूपमा महिलाहरूसम्म पुग्न तथा उनीहरूलाई कलङ्क र घरेलु हिंसाबाट जोगाउन गाह्रो हुन्छ।

अझ महत्त्वपूर्ण कुरा त के भने, यौन हिंसाका पीडित व्यक्ति र परिवार, अझ खासगरी मनोवैज्ञानिक र सामाजिक कारणले न्याय खोज्न नसक्ने अवस्थामा रहेका व्यक्तिहरूलाई यस्ता सेवाहरू उपलब्ध गराउने दायित्व सरकारको हो। सरकारले घरेलु हिंसालाई सीमित बनाउँदै लैजाने प्रयत्न बढाउनु पर्छ जसले बलात्कारका शिकार भएकै कारणले घरेलु हिंसामा पर्ने महिलालाई पनि सघाउ पुर्‍याउँछ।

**औषधोपचार तथा अभिलेखको अभाव**

द्वन्द्वकालमा भएको औषधोपचार तथा मनोवैज्ञानिक तथा सामाजिक सेवाको अभावका कारण बलात्कारको शिकार भएका व्यक्तिहरूलाई चिकित्सकीय प्रमाणहरू जोगाएर राख्नमा धेरै कठिनाइ भयो। उदाहरणका लागि फेब्रुअरी २००३ मा बलात्कृत एकजना व्यक्ति डाक्टरकहाँ गएर बलात्कारमा परेको बताइन् किनभने उनलाई एचआईभी सङ्क्रमणको चिन्ता थियो। तर निजी क्लिनिक चलाएर बस्ने ती डाक्टरले यस विषयमा कुनै तालीम नपाएकाले त्यस्तो अवस्थामा आवश्यक पर्ने चिकित्सकीय र कानूनी प्रमाणहरू जुटाउने बारेमा केही सुझाव दिएनन् न त आफैँले कुनै सूचना जुटाउने प्रयास गरे।

सुरक्षाकर्मीहरूबाट आफ्नै गाउँमा बलात्कृत माधवीले बताए अनुसार सुरुमा उनले आफ्नै घाउचोटहरू हेर्नै सकिनन् र उनीसित पैसा पनि थिएन। "मसित भएको सबै पैसा सैनिकले लगिहाले, कसरी जानु र अस्पताल? मलाई बाँच्न पनि मन थिएन," उनले भनिन्।

युद्धकालमा धेरै महिलाले औषधी उपचार खोजेनन् र चोटपटकहरूका लागि उपचारको आवश्यकता भएका महिलाले पनि कलङ्कित हुने डरका कारण डाक्टरलाई आफू बलात्कृत भएको कुरा भनेनन्। विपाशाका पतिले ह्युमन राइट्स वाचलाई बताए अनुसार सुरक्षाकर्मीले उनकी श्रीमतीलाई बलात्कार गर्दा उनीहरू अत्यन्तै डराएका थिए। "साह्रै डरमर्दो थियो। हामीले कसैलाई पनि केही भन्ने हिम्मत गरेनौँ, पुलिस, डाक्टर कसैलाई पनि...," उनले भने।

यौन दुर्व्यवहारको लगत्तै डाक्टरी जाँच भएकै अवस्थामा पनि बलात्कृत महिला र बालिकाहरूको मेडिकल रेकर्डसम्म पहुँच भएन वा उनीहरूले रिकर्ड आफ्ना साथमा भेटिनसक्ने डरले फाइल नै नष्ट गरे। द्वन्द्व सकिएपछि यौन दुर्व्यवहारको कुनै पनि चिकित्सकीय प्रमाण जुटाउन असम्भव थियो किनभने समय धेरै बितिसकेको थियो।

**न्यायमा अवरोध**

हामीले कुरा गरेका धेरैजसो महिलाहरू यौन हिंसाको घटनामा परेको कम्तीमा १० वर्ष भइसकेको थियो, तापनि पीडितले क्षतिपूर्ति र न्यायको प्रक्रियाबाट बाहिरिनु परेकोमा गहिरो दुःख लागेको बताए।

ह्युमन राइटस् वाचसितको अन्तर्वार्तामा महिलाहरूले सामाजिक कलङ्क र हिंसा गर्ने व्यक्तिहरूले प्रतिशोध लेलान् भन्ने डरको मिश्रणले उनीहरू यस्ता अपराध हुनासाथ रिपोर्ट गर्नबाट रोकिएको बताए। शान्ति स्थापना भएपछि मात्र उनीहरूलाई आफ्नो अनुभवका बारेमा बोल्ने आँट आयो। पीडित मध्ये अरू धेरैले सामाजिक कलङ्कका डरले, वा फौजदारी न्यायको प्रणालीमा विश्वास नै नभएर, यौन हिंसाका दुष्परिणामहरूलाई मौन रहेर नै सहिरहेका हुन सक्छन्।

ह्युमन राइटस् वाचसित कुरा गर्ने अधिकांश महिलाका लागी द्वन्द्वका बेला प्रहरीमा गएर लडाकूहरूबाट आफूमाथि भएको यौन दुर्व्यवहारको रिपोर्ट लेखाउने भन्ने कुरा कल्पना बाहिरको थियो। “बलात्कारका बारेमा बोलेमा मारिदिन्छौँ भनेर उनीहरूले मलाई भनेका थिए,” माओवादीबाट बलात्कृत निर्मला भन्छिन्।

हिंसा र मृत्यु समेतको डरले महिलाहरूलाई घटना घटेका बेला बोल्नबाट रोक्यो र वर्षौँ पछिसम्म पनि उनीहरूलाई पिरोलिरहेको छ। गैरकानूनी रूपमा धेरैदिनसम्म थुनामा राखिएका बेला पटकपटक बलात्कार

गरिएकी राधिका भन्छिन्, "मलाई छाड्नु अघि डीएसपीले यहाँ भएका कुरा बोल्दै हिँडे बाँच्दिनस् भनेका थिए।"

रिपोर्ट गर्ने आँट भएका पीडितहरूलाई भने उजुरी गर्नका लागि बलात्कार भएको दिनबाट ३५ दिनको म्याद जस्ता प्रावधान थोपरेर नेपालको फौजदारी न्याय प्रणालीले बाधा पुऱ्याएको छ। उक्त नियमले न्यायलाई नै असर पार्छ भनेर सर्वोच्च अदालतले सरकारलाई यसमा पुनर्विचार गर्न भनेको छ तर हालसम्म त्यसमा कुनै प्रगति भएको छैन।

## अगाडिको बाटोः न्याय र क्षतिपूर्ति

घटना भएका बेला धेरै महिलाले उजुरी दर्ता गर्न सकेका थिएनन् र आक्रमण पछि लामो समय बितिसकेको छ। यसको अर्थ अब ती घटनाहरूको छानबिन गर्ने र दोषी पत्ता लगाउनेतर्फ नेपाल सरकारले यथासम्भव प्रयत्न गर्न आवश्यक छ।

"सङ्कटकाल" भनिने जनयुद्ध कालको २००१ देखि २००५ को अवधिमा संयुक्त कमाण्डमा रहेका सेना, प्रहरी र सशस्त्र प्रहरीले अधिकारहन्ताहरूलाई जोगाउनको साटो अनुसन्धानमा मदत गर्नुपर्छ। माओवादीहरू पनि मानव अधिकार हननका दोषीलाई कारवाही गर्न हिच्किचाई रहेका छन्। ह्युमन राइट्स् वाचले अभिलेख राखेका दुईवटा घटनामा स्थानीय माओवादी नेताले बलात्कारको अभियोगलाई स्वीकार गरे र दोषीलाई सार्वजनिक रूपमा कुटपिट गरेर तथा गाउँ निकाला गरेर कारवाही गरे। दोषीले नेपाली कानून अनुसार सुनुवाइको प्रक्रियामा जानु

पर्छ। द्वन्द्वकालमा प्रचलनमा रहेको माओवादीको “जनअदालत” ले यस्ता अपराधलाई निष्पक्ष र उपयुक्त न्याय कहिल्यै दिएन।

प्रस्तावित सत्य तथा मेलमिलाप आयोग तथा कुनै पनि छानबीन र मुद्दाले अङ्गीकार गरेका प्रक्रियाहरू लैङ्गिकरूपले संवेदनशील हुनुपर्छ। तिनलाई पीडित र तिनका परिवारको कलङ्कलाई न्यूनीकरण गर्ने, उनीहरूको मर्यादा र गोपनीयताको सँरक्षण गर्ने, तथा उनीहरूलाई फेरि आघात नपुर्‍याउने किसिमले डिजाइन गरिएको र त्यसका लागि आवश्यक स्रोतको व्यवस्था मिलाइएको हुनु पर्छ। आवश्यक भएका खण्डमा त्यसमा पीडित व्यक्ति तथा साक्षीहरूलाई सुरक्षा प्रदान गर्नका लागि स्रोतको व्यवस्था हुनु पर्छ। सरकारले जनचेतना बढाएर र प्रत्येक प्रहरी चौकीमा यौन दुर्व्यवहारसम्बन्धी उजुरीहरूमा काम गर्नका लागि तालिमप्राप्त महिला प्रहरीहरूको व्यवस्था गरेर महिलाहरूलाई यस्ता विषयमा उजुरी हाल्नका लागि प्रेरित गर्ने उपायहरू अपनाउनु पर्छ। धेरै पीडित व्यक्तिहरू आफूलाई अत्याचार गर्ने व्यक्तिले संरक्षण पाउँछ भनेर डराउँछन्।

नेपाल सरकारले द्वन्द्वकालका यौन हिंसाका पीडितहरूका लागि एउटा क्षतिपूर्ति कार्यक्रम घोषणा गर्नु पर्छ जसले सुनुवाइको सफलतामा निर्भर नभई यौन हिंसामा परेको आफ्नो अनुभव लिएर अघि आउने व्यक्तिहरूलाई क्षतिपूर्ति र अन्य सुविधाहरू प्रदान गर्छ। यसमा समुदायस्तरका अग्रसरताहरू पनि सम्मिलित हुनु पर्छ र यौन हिंसा र

यातना पीडित व्यक्तिहरूका तीनवटा आवश्यकतालाई सम्बोधन गर्नु पर्छ, विशेषतः हिंसा र यातनाका कारण अपाङ्ग हुन पुगेका व्यक्तिहरुका लागि दीर्घकालीन स्वास्थ्य सेवा, मानसिक स्वास्थ्य सेवा तथा जीविकामा सहयोग।

यदि नयाँ सरकार द्वन्द्वकालीन अपराधहरूलाई न्यायको परिधिमा ल्याउनका लागि प्रतिबद्ध छ भने यसले वर्षौंदेखि आफूले भोगेका यौन हिंसाका दुष्परिणामहरू बेहोरेर बाँचेका व्यक्तिहरूतर्फ तत्कालै ध्यान दिनु पर्छ।

# मौन र बिर्सिइएकाहरू

## नेपालको द्वन्द्वकालका यौन हिंसा पीडित व्यक्तिहरू

नेपालका सरकारी सुरक्षा निकायहरू र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का बीचको एक दशक लामो र २००६ को शान्ति सम्झौताबाट टुङ्गिएको गृहयुद्धमा दुवै पक्षबाट बलात्कार लगायतका यौन हिंसाका घटना भएका थिए। तर भर्खरै, शान्ति स्थापना भएपछि मात्र उनीहरू मध्येका केही महिलाले न्याय र निष्कर्षका लागि द्वन्द्वकालमा भएका यौन दुर्व्यवहारका बारेमा उजुरी गर्ने इच्छा प्रकट गरेका छन्। यौन दुर्व्यवहारसित जोडिएको गहिरो सामाजिक कलङ्क तथा प्रतिशोधका डरले धेरै महिलाहरूले द्वन्द्वकालमा यी अपराधहरूका बारेमा उजुरी गर्न सकेनन्। अझै पनि धेरैले आफूमाथि भएका आक्रमणका बारेमा मुख खोल्न सकेका छैनन्।

ह्युमन राइटस् वाचले नेपाली गैरसरकारी संस्था एडभोकेसी फोरमको सहयोगमा तयार गरेको ५० जनाभन्दा बढी महिलाहरूको अन्तर्वार्तामा आधारित "मौन र बिर्सिइएकाहरू" द्वन्द्वका बेला यौन दुर्व्यवहारमा परेका महिलाहरूका अनुभवहरूको अभिलेख हो। केही महिलाहरूले सुरक्षाबलका सदस्यहरूले महिला लडाकूहरूलाई गिरफ्तार गरेपछि कसरी बलात्कार र यौन दुर्व्यवहार गरे, र माओवादी भनेर शङ्का गरिएका व्यक्तिहरूका महिला नातेदार र माओवादीका समर्थक महिलालाई पनि लक्ष्य गरे भनेर बताए। अरू महिलाले माओवादी लडाकूले आफूलाई सहयोग गर्न अस्वीकार गर्ने महिला वा आफूले विद्रोहमा सहभागी गराउन जबर्जस्ती भर्ना गरेका महिलालाई कसरी बलात्कार गरे भन्ने बताए।

द्वन्द्वकालमा महिलाहरूले बलात्कारको शिकार हुनु परेको कुरा सरकारले स्वीकार गरे तापनि उनीहरूलाई युद्धमा मारिएका वा बेपत्ता पारिएका व्यक्तिहरूको परिवारका सदस्यहरूलाई समेट्ने अन्तरीम क्षतिपूर्ति कार्यक्रममा समावेश गर्न भने बाँकी नै छ। सरकारको सत्य र मेलमिलाप आयोग ऐनले यौन हिंसाका दोषीहरूलाई सम्भावित क्षमादानबाट विशेषरूपमा अलग गरेको छ तर अधिकारीहरूले दोषीहरूलाई गरिने कारवाही र पीडितहरूलाई प्रदान गरिने क्षतिपूर्तिको प्रभावकारी व्यवस्था गर्न बाँकी नै छ। ह्युमन राइटस् वाच पीडितहरूलाई द्वन्द्वका दुष्परिणामहरूको सामना गर्न मदत गर्ने उद्देश्यले यी आवश्यक कदम चाल्न र चिकित्सकीय तथा सामाजिक-मनोवैज्ञानिक कार्यक्रमहरू सञ्चालन गर्न नेपाली अधिकारीहरूलाई आह्वान गर्छ।



नेपालमा माओवादी र सरकारी सुरक्षाकर्मीहरू बीचको १० वर्षे द्वन्द्वका क्रममा भएका यौन हिंसाका घटनाहरू प्रायः लुकेरै रहेका छन्।

©२०१४ ह्युमन राइटस् वाचका लागि आरन्चा सेडिल्लो

hrw.org